Public Domain. Digitization by eGangotri.Fund

३६६

शतसूत्री

[त वेदान्तको आधारभूत सूत्र]

द० ६२६६
वा० वि० पी०,
पुस्तकालय
रु० १।-
R66

ब्रह्मनिष्ठ
० क्षितीशचन्द्र चक्रवर्ती

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri Fund

Sanskrit University, Balmeeki Campus, Kathm

ublic Domain. Digitization by eGangotri.Fun

Sanskrit University, Balmeeki Campus, Kath

Public Domain. Digitization by eGangotri.Fund

शत-सूत्री

(परमपूज्य गुरुदेव ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र
चक्रवर्तीज्यूद्वारा लिखित नेपाली ग्रन्थ-
हरूबाट संगृहीत महत्वपूर्ण
वाक्यहरूको संकलन)

संकलयिता—
ज्ञानेश्वर सरस्वती (देवेश्वर)
उप-कुलपति
"तारक" अद्वैत विश्वविद्यालय रिडी थोर्गा (नेपाल)

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

★ प्रकाशक :

परमानन्द न्यौपाने, शान्तिपुर ।

शिवनगर शाखा, चितवन

अद्वैत संस्था (नेपाल)

★ सर्वाधिकार

अद्वैत संस्था नेपालमा सुरक्षित

★ आषाढ, २०२९

★ मूल्य १।—

★ मुद्रक :—

भारती प्रेस, नारायणगढ, चितवन (नेपाल) ।

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

भूमिका

प्रस्तुत "शत सूत्री" नामक पुस्तिका परमपूज्य गुरुदेवको आज्ञा मुताबिक सबै नेपाली ग्रन्थहरूलाई ध्यानपूर्वक हेरी तिनबाट चुनेर श्री ज्ञानेश्वर सरस्वतीजीले तयार पार्नु भएको हो। यसका लागि सर्व प्रथम म उहाँलाई धन्यवाद ज्ञापन गर्दछु।

"शत सूत्री" लाई मैले राम्ररी पढें। यसमा एकसय ओटा सूत्रहरू समावेश गरिएका छन्। प्रत्येक सूत्र अत्यन्त मननीय र साक्षात् भवसागरबाट तार्ने खालका छन्— यसमा केही अत्युक्ति छैन। किनभने प्रति सूत्रमा सम्पूर्ण वेदान्त अन्तर्निहीत हुन गएको छ। उपदेशकहरूको लागि यो पुस्तिका ज्यादै उपयोगी त छँदैछ, सर्वसाधारण सज्जन जो वेदान्तमा सामान्य रूची राखेर पनि ग्रन्थहरूको अध्ययनमा सक्षम छैनन् तिनका लागी पनि "शत सूत्री" खूब उपयोगी सिद्ध हुनेछ।

"शत सूत्री" लाई राम्ररी बुझ्न अद्वैत संस्था संग सम्बन्ध जोड्नु आवश्यक छ। किनभने एकमात्र अद्वैत संस्था नै अद्वैत वेदान्तको हृदयलाई हृदयंगम गर्न समर्थ भएको छ। वेदान्त शास्त्रको समन्वय कहीं पाइन्छ भने त्यो अद्वैत

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

संस्थामा मात्र पाइन्छ र वेदान्त शास्त्रको गम्भीर आशय कोही बताउन सक्छ भने त्यो मात्र अद्वैत संस्था बताउन सक्छ, यसमा शङ्काको गुञ्जायस छैन । अद्वैत संस्थाको गत ८ वर्षले यस कुरालाई सिद्ध गरी सकेको छ र अनि अद्वैत संस्थामा पाइने सयकडौं नेपाली ग्रन्थहरू यस कुराको साक्षीको रूपमा सबैको सामुन्ने खडा छँदैछ । म त भन्दछु— वैदिक मतवादलाई सुदृढ एवं सुस्थिर गर्न सर्व शक्तिमान परमात्माको सत्प्रेरणाले हाम्रो पावित्र भूमिमा यो संस्थाको संस्थापन एवं सञ्चालित भएको हो— एतदर्थ सबै सज्जन मुमुक्षुले यस संस्थासंग घनिष्ठता बढाई आपनो कल्याण गरिहाल्नु जाति हुनेछ ।

यो "ब्रह्म सूत्री" को प्रकाशनमा उदारतापूर्वक आर्थिक सहयोग गर्नु हुन सज्जन श्री परमानन्द न्यौपानेजी अद्वैत संस्थाको सम्पर्कमा आउनु भएको धेरै समय भएको छैन तथापि श्रीगुरु र संस्था प्रति श्रद्धा-भक्ति र अगाध विश्वासको फल स्वरूप वेदान्तको निर्विवाद सिद्धान्त आपनो असंगतालाई बुझ्न सक्नु भो । ब्रह्म सूत्रीलाई प्रकाशित गरी श्री न्यौपानेजीले संस्थाको प्रत्युपकार गर्नु भएकोमा उहाँ धन्यवादका पात्र हुनुहुन्छ । उहाँको यो प्रयास मोक्षाभिलाषी सज्जनहरूको लागि वरदान सिद्ध होस् भन्ने कामना राख्दछु ।

—गोविन्दराम सरस्वती
सभापति
अद्वैत संस्था, नेपाल ।

२०३० आषाढ ।

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

वन्दना र धन्यवाद

मुमुक्षुहरूलाई मोक्षको मार्ग कर्म, भक्ति र ज्ञान सहज रूपले देखाईकन संसार तर्ने जहाजरूप अद्वैत संस्था प्रदान गरिवक्सने श्री गुरुदेवका हामी नेपालीहरू ऋणी छौं। उहाँको नेपालीहरू प्रतिको अवर्णनीय उपकार सूर्य-चन्द्र रहेसम्म इतिहासमा स्वर्णाक्षरमा लेखिने छ। हामी मुमुक्षु श्री गुरुदेवको पादारविन्दमा शतशः बन्दना गर्दछौं।

प्रस्तुत ज्ञान सञ्जीवनी नेपाली ग्रन्थहरूको प्रतिपाद्य विषयलाई लक्षित गर्दछ। अद्वैत परिवारहरूलाई वेदान्त प्रवचनका लागि सामाग्री मिल्ने छ। एक एक सूत्रलाई आफूमा घटाएर पढे क्रमशः मोक्षको साक्षात् साधन ज्ञानमा पुग्न सकिने छ।

मुमुक्षु श्री परमानन्द न्यौपानेज्यूको उदारताबाट यो पुस्तिका प्रकाशनमा आउन सकेकोमा र अद्वैत संस्थालाई अर्पित गर्नु भएकोमा उहाँलाई हार्दिक धन्यवाद दिन्छु। उहाँको यो सुकृति आपनो र अरूको उपकारक बन्न जानेछ।

—संकलयिता

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

प्रकाशकको परिचय

श्री परमानन्द न्यौपाने स्वर्गीय श्री रामनाथ न्यौपाने-ज्यूका सुपुत्र हुनुहुन्छ । गण्डकीअञ्चल अन्तर्गत लमजुङ् जिल्लाको बिचौर भन्ने पवित्र स्थानमा वि० सं० १९७१ को पौष महिनामा उहाँको जन्म भएको हो ।

५९ वर्षीय श्री न्यौपानेज्यू पहिले देखि नै आस्तिक संस्कारले सम्पन्न, संसारमा ज्यादा आशक्त नहुने, हरिकीर्तन, देवालय आदिको सेवनमा दिल लगाउने सज्जन स्वभावका व्यक्ति हुनुहुन्थ्यो । २०१६ सालमा चितवन झर्नु भो र २०२५ साल देखि अद्वैत संस्थाको शान्तिपुर शाखा संग सम्पर्क स्थापित गर्नु भो ।

"संसारबाट नतरी भएन" भन्ने कामना श्री न्यौपानेजीको विशेषता हो । यही विशेषताले उहाँलाई अद्वैत संस्थामा ल्याई पुऱ्यायो । संस्थाको सत्संग, श्री गुरुदेवको दर्शन, सेवा र उपदेश लाभ गरेपछि संसारबाट तरिन्छ भन्ने कुरामा उहाँको दृढ विश्वास छ ।

—गंगाराम श्रेष्ठ
अद्वैत संस्था

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

दुई शब्द

सन्मार्गमा लाग्नु र परमार्थका लागि खर्च गर्नु मानिसमात्रको कर्तव्य हो। अद्वैत संस्था र परमपूज्य गुरुदेव जस्ता सन्मार्ग दर्शकको सङ्ग पाएर मैले आफूलाई भाग्यमानी ठानेको छु। मोक्ष भन्ने वस्तु जसलाई प्राप्त गर्नु यस जीवनमा असम्भव भनेर ठानेको थिएं त्यो त नित्य प्राप्त रहेछ भन्ने कुरा मैले बुझ्न पाएँ। प्रायः सबै मानिस आफूलाई चानचुने वा एकजना फलाना भनेर मान्दछन्। यसप्रकारको निर्णयले गर्दा ती सबै संधै दुःख र चिन्ताको अनुभव गर्दछन्। मानिस वास्तवमा दुःख चिन्ता रहित, सुखको भण्डार रहेछ भन्ने कुरा यसै संस्थासंगको सम्बन्धबाट थाहा भयो। यस-प्रकारको परमार्थ ज्ञान प्रदान गरेर उपकार गरिदिएकोमा म अद्वैत संस्थाको ऋणि बनेको छु।

अद्वैत संस्थाको प्रचारमा सहयोग होस्, त्यस प्रचार-बाट सबैले आफ्नो वास्तविक स्वरूपको बोध गरुन् भन्ने कामना राखी मैले यो पुस्तिका प्रकाशित गरी अद्वैत संस्था-लाई समर्पण गरेको छु।

—परमानन्द न्यौपाने

शान्तिपुर।

शिवनगर शाखा, अद्वैत संस्था

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

विषय :—

१. शत सूत्री
२. आचार संहिता
३. प्रातः स्मरणम स्तोत्र
४. प्रातः स्मरणम स्तोत्रको अर्थ

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

शत-सूत्री

श्री परमानन्द न्यौपाने
शान्तिपुर, चितवन
शिवनगर शाखा, अद्वैत संस्था नेपाल

l Sanskrit University, Balmeeki Campus, Kathm

blic Domain. Digitization by eGangotri.Fur

anskrit University, Balmeeki Campus, Kat

Public Domain. Digitization by eGangotri.Fundi

प० ६२६६
वा०वि०पी०,
पुस्तकालय
मू० १।-

श्री :

शत-सूत्री

(कर्मयोग)

१- कर्ममा अकर्म देखनु अनि अकर्ममा कर्म देखनु निष्काम कर्मयोग हो ।

—"अमृत वचन"

(कर्तव्य निर्देशन)

२- याद गरेको लाई भुल भुलेकोलाई याद गर ।

—"अमृत वचन"

(राजभक्ति)

३- राजभक्ति हो दृढ ईश्वर भक्तिमा पुऱ्याउने एक मात्र सोपान ।

—"भक्ति शिक्षा"

l Sanskrit University, Balmeeki Campus, Kathm

blic Domain. Digitization by eGangotri.Fur

(शिक्षा)

४– शरीर, मन र अनुभूतिको समकालीन उत्कर्ष तुल्याउनु हो शिक्षा ।

—"नैतिक शिक्षा

(ईश्वर शरण)

५– रचेको संसार भन्दा रचना गर्ने परमात्मामा ठूलो बुद्धि राखी शरण लिनु पर्दछ ।

—"आत्म प्रकाश"

(शास्त्रको तात्पर्य)

६– कर्म गरिरहनु तात्पर्य हैन, सुखी भैरहनु हो तात्पर्य ।

—"मोक्षको अनन्य मार्ग"

(दुःख निवृत्ति)

७– सबै प्रकारले शरीर धारणा बन्द भए दुःखको निवृत्ति भइहाल्छ ।

—"आत्म विचार"

anskrit University, Balmeeki Campus, Kat

Public Domain. Digitization by eGangotri.Fundi

(गुरू सेवा)

८– ब्रह्मवेत्ता गुरूको सेवा हो ईश्वरको सेवा देखि ठूलो ।

—"ज्ञान दीप"

(गीताको उद्देश्य)

९– शोक मोहरूप अन्धकारलाई हटाईकन ज्ञान सूर्यको पूरा प्रकाश गरिदिनु नै गीताको उद्देश्य हो ।

—"गीता रहस्य"

(सगुण भक्ति)

१०– आपनो शरीर भित्र परमात्मालाई उनको अपरा र परा– दुई प्रकृति रूपले विभक्त देखनु सगुण भक्ति हो ।

—"स्वरूप प्रकाश"

(निर्गुण भक्ति)

११– दुई प्रकृति देखि रहित शुद्ध अद्वितीय चैतन्य परमात्मा हो हाम्रो स्वरूप भनी भावना गर्नु हो निर्गुण भक्ति ।

—"स्वरूप प्रकाश"

l Sanskrit University, Balmeeki Campus, Kathm

blic Domain. Digitization by eGangotri Fur

(सुखको बाटो)

१२– सुखको एक मात्र बाटो हो आफूलाई शुद्ध प्रकाश रूप हो भनी चिन्नु र सम्पूर्ण पदार्थ इन्द्र जाल झैं सत्य होइनन् यस्तो बुझ्नु ।

—"सुखको बाटो"

(पदार्थ हो मिथ्या)

१३– स्वप्नमा देखिएको सारा पदार्थ जस्तो मिथ्या हो, जाग्रतकालमा पनि सारा विषय पदार्थलाई त्यस्तै मिथ्या जान्नु ।

—"ईश्वर विज्ञान"

(ध्यान र निदिध्यासन)

१४– त्रिपुटी पूर्वक आत्म स्वरूपको चिन्तनलाई ध्यान भनेको छ र निदिध्यासन हो स्वतःसिद्ध वस्तुको बुद्धिपूर्वक अनुभव ।

—"ज्ञान साधन

(सविकल्प समाधि)

१५– त्रिपुटी पूर्वक ब्रह्माकारमा आकारित चित्त वृत्तिको ब्रह्म स्वरूपमा स्थिति हो सविकल्प समाधि ।

—"गीतामृत"

anskrit University, Balmeeki Campus, Kat

Public Domain. Digitization by eGangotri.Fundi

(निर्विकल्प समाधि)

१६- निर्विकल्प समाधिमा त्रिपुटी रहित चित्त ब्रह्ममा विलापित भएर केवल ब्रह्मरूपले दृढ स्थिति हुन्छ ।

—"गीतामृत"

(सुषुप्ति र समाधिमा भेद)

१७- सुषुप्तिमा चित्त रहँदैन, किन्तु निर्विकल्प समाधिमा चित्त अखण्डाकारमा स्थित रहन्छ ।

—"ज्ञानसर्वस्व"

(अजातवाद)

१८- कुनै जीव पनि उत्पन्न हुँदैन र उत्पत्तिको सम्भावना पनि छैन यो नै हो उत्तम सत्य (उत्तम सिद्धान्त) ।

—"ज्ञानालोक"

(स्वरूप विस्मृतिको नतीजा)

१९- हामीहरूको प्रतिदिनको दुःख पनि स्वरूपलाई विर्सनुको अवश्यम्भावी फल हो ।

—"वाशिष्ठामृत"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(दुःख निवृत्तिको उपाय)

२०– आफ्नो सुख स्वरूपलाई जाने पछि मात्र सारा दुःखकाँ निवृत्ति सम्भव हुन्छ ।

—"वाशिष्ठामृत"

(जाग्रत, स्वप्न र सुषुप्ति)

२१– वाहिरको विषयलाई जान्नु हो जाग्रत, भित्रको विषयलाई जान्नु हो स्वप्न र आफ्नो वास्तव स्वरूपलाई नजान्नु हो सुषुप्ति ।

—"हस्तामलक"

(संकल्प र प्रत्यक्ष ज्ञान)

२२– संकल्पले सिद्ध भएको र प्रत्यक्ष देखिएकाँ पदार्थ भित्र वास्तवमा कुनै भेद छैन ।

—"आत्मनिष्ठा"

(कर्मन्यास)

२३– अन्तःकरण शुद्धि अनन्तर कर्म परित्याग पूर्वक साक्षात्कारको लागी प्रयत्न गर्नु पर्दछ ।

—"वेदान्त रहस्य प्रश्नोत्तरी"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(योगबाट ब्रह्म प्राप्ति)

४- ब्रह्मलाई मनको भित्र ल्याउनु पर्दैन, केवल जगद् विषयक चिन्तालाई मनबाट हटाइदेऊ।

—"वेदान्त रहस्य प्रश्नोत्तरी"

(तिमी)

५- ब्रह्मा देखि कमिला सम्म एकै अन्तर्यामी र साक्षी रहेको छ, त्यो हो तिमी।

—"वेदान्त विज्ञान"

(स्वतन्त्र मन र पराधीन मन)

६- विषयमा आसक्त भएको मन प्रारब्धको अधीन भए-तापनि वैराग्य युक्त मन आफ्नो ब्रह्म स्वरूपको साक्षात्कार गर्न समर्थ हुन्छ।

—"योग सिद्धि"

(पुरुषार्थको श्रेष्ठता)

७- संसारमा कुनै वस्तु यस्तो छैन जो पुरुषार्थबाट प्राप्त हुँदैन।

—"योगसिद्धि"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(सजातीयको नै एकता हुन्छन्)

२८- दृश्य हो द्रष्टाको सजातीय। त्यस्तो नभए दृश्यसित द्रष्टाको सम्बन्ध हुन नसक्ने थियो र दृश्यको ज्ञान हुन सक्ने थिएन।

—"अद्वैत सर्वस्व"

(ज्ञान अप्रसिद्ध हैन)

२९- ज्ञेय घटादि पदार्थलाई तिमी जस्तो जान्न इच्छा गर्छौं त्यस्तो ज्ञानलाई जान्न चाहँदैनौ। यसबाट बुझिन्छ कि ज्ञान हो तिम्रो प्रत्यक्ष।

—"ज्ञान निष्पत्ति"

(कर्म र ज्ञान काण्ड)

३०- वेदको ज्ञान काण्ड हो सत्य अद्वैत बस्तु परक र वेदको कर्मकाण्ड हो कल्पित द्वैत-परक।

—"वेदको कर्म काण्ड र ज्ञान काण्ड"

(विशुद्ध सुख)

३१- संसारका सारा सुखहरू दुःखसंग मिसिई रहेका हुन्छन्। तर आत्म सुखमा अलिकति पनि दुःख हुँदैन।

—"गीताको भूमिका"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(सुषुप्ति स्थिति)

३२– सुषुप्ति कालमा मानिस सत् स्वरूप परमात्मासित एकी-भाव प्राप्त गर्छ ।

—"सुषुप्ति र सृष्टि"

(अज्ञान नाशको उपाय

३३– अखण्डाकार वृत्तिना ब्रह्म भासमान हुनुलाई वृत्ति व्याप्ति भनेको छ– उसको फलले अज्ञान विनष्ट हुन्छ, ब्रह्म स्वयं प्रकाशमान हुन्छ ।

"अद्वैत चिन्तामृत परिशिष्ट"

(हृषी केशको स्वरूप)

३४– जगत्, ईश्वर, जीव भेदले एक परमार्थ सत्य हृषी केश नाना रूपले प्रतीत हुनुहुन्छ ।

—"रूरूक्षेत्र र साक्षात्कार"

(दृश्य छैन)

३५– दृश्य यदि प्रकाश देखि भिन्न वस्दछ तव सत्ता वन्न पाउँदैन । यदि प्रकाशभित्र प्रविष्ट भैहाल्छ, प्रकाश व्यतिरिक्त सत्ता रहन सक्दैन ।

—"मोक्षको अनन्य मार्ग"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(अध्यास)

१६– जुन वस्तु जहाँ छैन त्यसलाई त्यो वस्तु रूपले बुझ्नु हो अध्यास । जस्तो पुत्र विकलाङ्ग भए म विकलाङ्ग भएको छु यस्तो सम्झनु ।

—"चतुःसूत्री"

(आत्माको स्वरूप)

१७– आत्मा कर्ता कारयिता होइन । देह इन्द्रिय र मन हो कर्ता र रागद्वेष हो कारयिता ।

—"आत्म मनन"

(एक जीववाद)

१८– जीवभाव, ईश्वर भाव र भिन्न भिन्ने जगत् पदार्थको अवभास हो एक अविद्याबाट परिकल्पित ।

—"एक जीववाद"

अधिकारी निरूपण)

१९– अज्ञान उपाधि युक्त ब्रह्म नै हो ब्रह्म विद्याको अधिकारी ।

—"स्वानुभव रहस्य"

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(वेदान्त वाक्यको काम)

४०- सारा दुःखको एकमात्र कारण-मुमुक्षु पुरुषकी शरीरमा म बुद्धिलाई वेदान्तको महावाक्यले नष्ट गरिदिन्छ ।

—"श्रुतिसार समुद्धरण"

(तत्त्व ज्ञानको महानता)

४१- तत्त्व ज्ञान मिथ्या ज्ञानबाट बाधित हुन सक्दैन । किनकि बुद्धिको पक्षपात वस्तु स्वरूपमा नै हुन्छ ।

—"अद्वैत चिन्तामृत"

(अज्ञानको स्वरूप)

४२- आत्म चैतन्यको यथार्थतः प्रकाशित नहुनु अज्ञान हो । अज्ञान भाव स्वरूप होइन यो हो ज्ञानको प्रागभावरूप ।

—"आत्मानुसन्धान"

(ईश्वर आराधनाको कारण)

४३- ईश्वरको आराधनामा सत्संग नै मुख्य कारण हो किनकि सत्संग विना ईश्वर स्वरूपको ज्ञान हुन सक्दैन ।

—"ईश्वर-निरूपण"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(आत्माको प्रकाशरूपता)

४४– जसको प्रकाशलाई प्राप्त गरीकन घटादि पदार्थ भासमान हुन्छन् त्यो आत्माको प्रकाश स्वरूप हुनुमा मानिस कसरी विवाद गर्न सक्छ ?

— "अद्वैत तात्पर्य"

(अज्ञान दशामा जगतको प्रतीति)

४५– वेदान्त शास्त्रको सिद्धान्त हो सम्पूर्ण प्रपञ्च र तद्विषयक ज्ञान स्वरूपको अज्ञान कालमा सम्भव हुन्छ ।

—"सूत्र प्रस्थान"

(मनको शक्ति)

४६– समष्टि मनको संकल्प हो यो परिदृश्यमान जगत र मन ब्रह्म चैतन्यको स्फुरण मात्र भएको हुनाले यो संकल्पमय जगत हो चैतन्य मात्र (ब्रह्म मात्र) ।

—"ब्रह्म गीता"

(दुर्दशा र दुर्दशाबाट छुट्ने उपाय

४७– ब्रह्मलाई जो संसार रूप दुर्दशा प्राप्त भएको छ त्यो हो भ्रम मात्र ब्रह्म नै कौतुक वशात् जीव र जगतको आकार मा स्फुरित भैराखेको छ ।

—"वाशिष्ठामृत"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(ब्रह्मको साक्षी रूपता)

४८. जो वस्तु स्वतःसिद्ध प्रकाशमान र सर्वव्यापक हो त्यो नै सारा प्राणीको हृदयमा बुद्धि वृत्तिको साक्षी रूपले अवस्थित भैराखेको छ ।

—"शांकर वाशिष्ठ वेदान्त रहस्य"

(सृष्टि र त्यसको विनाश)

४९– चिताउनुबाट म र जगत उत्पन्न हुन्छ केही कुरा नफुराएं पछि अहंभाव र जगत्भाव शान्त भै हाल्छ ।

—"वाशिष्ठ गीता"

(ज्ञानयोगको स्वरूप)

५०– ज्ञान योगमा प्रविष्ट मानिस मनका सारा कुरा जानेर प्रकाश रूप भएर बस्छ । ज्ञानयोग हो गीताको अन्तिम कुरा ।

—"गीतामा अद्वैतवाद"

(ब्रह्म दर्शनको ठाउँ)

५१– जस्तै मोतीहरूबाट ढाकिएको धागो दुई मोतीको बीचमा स्पष्ट देखिन्छ त्यस्तै वृत्तिहरूबाट आच्छादित चैतन्य दुई वृत्तिको सन्धिक्षणमा प्रकाशित हुन्छ ।

—"साधन रहस्य"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(शोक निवारणको उपाय)

५२– सर्व कर्म सन्यास पूर्वक अद्वितीय ब्रह्मात्मतत्व ज्ञान हो सारा शोकको निवर्तक । त्यो नै हो गीता शास्त्रको सार संग्रह ।

—"गीता सार"

(कर्मयोग रहस्य)

५३– कर्मयोगको सार कुरा हो चित्तमा कुनै प्रकार वृत्तिको अनुत्पत्ति ।

—"गीता गूढार्थ दीपिका"

(ज्ञाता र ज्ञेय)

५४– सामान्य अंशरूप जीवले अखण्डाकार वृत्तिद्वारा आपनो विशेष अंश (ब्रह्म) लाई साक्षात् जान्दछ ।

—"गीतामृत सार–संग्रह"

(भूलमा परेको मान्छे)

५५– अज्ञानी मनुष्य भोक्ताभावलाई जानि राखीकन पनि भूलले आफूलाई भोक्ता भनीकन जान्दछ ।

—"श्रुति विज्ञान (प्रश्नोत्तरी)"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(नचिताऽन र ननिदाउनु)

५६– ब्रह्माकार वृत्ति हो चित्तको निर्विक्षेप र जागरुक स्थिति ।

—"नारायण प्रसाद"

(दृष्टि सृष्टिबाद)

५७– अनादि विचित्र अविद्याको सहायता द्वारा ईश्वरले जीव-कृत कर्मको अपेक्षा नराखी विचित्र फलको उत्पत्ति गर्छ ।

—"सृष्टि समीक्षा"

[आत्माको प्रसिद्धि]

५८– आपनो देहको परिच्छेदका लागि जस्तै अरू प्रमाणको अपेक्षा रहँदैन, त्यस्तै देहभन्दा पनि ज्यादा अन्तरंग भएको हुनाले आत्माको ज्ञानमा अरू प्रमाण चाहिँदैन ।

—"चित्त विश्रान्ति"

[यत्न गर्ने तरिका]

५९– ज्ञान सुख आदि झैं अत्यन्त प्रसिद्ध हो अतएव ज्ञानमा यत्न नगरेर अनात्म बुद्धिको निवृत्तिमा नै यत्न गर्नु पदर्छ ।

—"चित्त विश्रान्ति"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

[जगतलाई झूंठा देख्ने ठाउँ]

६०- जगत् मिथ्या हों, किनकि जगद्विषयक अनुभव सुषुप्ति र निर्विकल्प समाधिमा बाधित हुन्छ ।

—"स्वरूपानुभव"

[साक्षीको नित्य विद्यमानता]

६१- साक्षीको अभाव मानिलिएतापनि त्यो अभावको साक्षी रूपले म स्फुरित भै रहन्छु । अतः म साक्षीको कहिले पनि अभाव हुँदैन ।

—"साक्षी विवेक"

[श्रद्धालुको दिनचर्या]

६२- श्रद्धालु [शुद्ध चित्त] मुमुक्षुले आफनो वास्तव स्वरूपको बाहेक अरू कुनै कुराको अनुभव गरेर हिड्दैन ।

—"उपदेश संग्रह"

[जीवनको बाबैलो भूल]

६३- कस्तूरीको सुगन्ध आफनै नाभिबाट निस्किएको छ तापनि भ्रमवश बाहिर खोजी गरेर घुमी रहन्छ त्यस्तै सुख शान्तिको उद्गमस्थान आफै हुँदा पनि जीवले दुःखको निवृत्ति गर्न बाहिर चक्कर लगाउने गर्दछ ।

—"विचारालोक"

Sanskrit University, Balmeeki Campus, Kathr

Public Domain. Digitization by eGangotri.Fundi

(गाग्रो के हो)

६४– गाग्राको चाररूप हुन्छ– माटो रूप, वृत्ति रूप, वासना रूप र ब्रह्म रूप ।

—"अमृत वचन"

(साक्षात्कारको तगारो)

६५– धेरै जन्मको अभ्यस्त वासनाले विषयमा वृत्ति उत्पादन गर्छ र साक्षात्कारको प्रतिवन्धक हुन्छ ।

—"गीतामृत"

(साक्षी र त्रिपुटी)

६६– यो संसार केवल संकल्पबाट उत्पन्न भएको हो । संकल्प बन्द भएपछि संसार देखिदैन ।

—"सुखको बाटो"

(आफू भगवान कसरी हो)

६७– जो आपनो लागि सारा पदार्थ प्रिय हुन्छ, त्यो निज आत्माको वास्तव स्वरूप हो भगवान् ।

—"ईश्वर विज्ञान"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(सुषुप्तिको भेद)

६८- [१] सुषुप्ति हो स्वरूपानन्दको अनुभूति [२] जाग्रत कालीन सुषुप्ति सम्बन्धी विवेचन भ्रान्त अनुभव जन्य हो । ७२-

—"स्वरूप प्रकाश"

(जीवनको अर्थ)

६९- जीवन हो शरीर इन्द्रियको चेष्टा, तज्जनित मनमा प्रतिक्रिया र त्यसलाई जानिराख्नु । ७३-

—"परमार्थ प्रश्नोत्तरी"

(त्याग र ग्रहण

७०- वाशिष्ठ शास्त्रको सारा सिद्धान्त हो सम्वेदनलाई मिथ्या भनी जानेर त्यागिदिनु र आफ्नो शुद्ध चैतन्य स्वरूपलाई सधैं संझि राख्नु । ७४-

—"वाशिष्ठामृत परिशिष्ट"

विश्वासको महत्ता)

७१- साक्षात्कारको उपाय हो सद्गुरूको वचनमा दृढ विश्वास । ७५-

—"रिडी प्रसंग"

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(वास्तव तिमी)

७२– तिमी हो सम्पूर्ण त्रिपुटीको प्रकाशक। वास्तवमा तिमी प्रकाशक पनि हैन, तिमी हो केवल प्रकाश मात्र।

—"परमार्थसार"

(लिनेल यक एकमात्र कुरा)

७३– सारा शास्त्रले एउटा कुरा भनिराखेको छ–'फलाना म कुनै पुरुष छैन' तिमी पनि त्यो कुरामा अडिई राख।

—"परमार्थ पत्रावली"

(तिमी किन साक्षी बन्यौ)

७४– तिमी शरीरमा अनुप्रविष्ट चैतन्य वस्तु भएर अवस्थान गरेको हुनाले तिम्रो नाम हो साक्षी चैतन्य।

—"तिमी को हौ"

(बाधको अवधि नै ब्रह्म हो)

७५– चित्तको सारा परिणाम बाधित भए बाधको अवधि ब्रह्म स्वरुपमा स्वतः चित्तको अवस्थान हुन्छ।

—"… … शंका समाधान"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(ज्ञानीको विशेषपन)

७६- ज्ञानीको शरीर, मन, चेष्टा देखिन्छ, तर आत्म- ८०-
स्वरूपमा अहं प्रत्यय रहिरहन्छ ।

—"आत्म ज्ञानबाट जगत निरसन"

(आत्म दर्शन)

७७- भूलले गृहीत प्रमातालाई शास्त्र प्रमाणले मिथ्या
भनी निश्चय गर्ने वित्तिकै सदाप्राप्त आपनो वास्तव ८१-
स्वरूप अखण्डाकार वृत्तिमा स्पष्ट भासमान हुन्छ ।

—"साक्षात्कारको विवेचना"

(आत्माको आवरण)

७८- शास्त्रको वास्तव रहस्य हो- स्वप्रकाश सुखरूप सदा
प्राप्त भइराखेको छ तापनि अहन्ता र ममताले ढाकि ८२-
राखेको छ ।

—"वेदशास्त्रको निष्कर्ष"

(दृश्य मिथ्यात्वमा हेतु)

७९- दृश्य हो मिथ्या, किनकि प्रकाशले दृश्यलाई निलि हाल्छ।
दृश्यको चैतन्यबाट प्रकाशित हुनु हो सरासर दृश्यको ८३-
असत्य बनि हाल्नु ।

—"दृश्यमिथ्यात्वको विवेचन"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(आत्मानुभवको साधन)

८०- मिथ्या बुद्धि उपहित मुमुक्षु पुरुषले चैतन्य स्वरूप भूत बुद्धि द्वारा आफ्नो वास्तव स्वरूपलाई सम्यक् प्रकारले जानि हाल्छ ।

—"आफूलाई जान्नु"

(स्वरूप ग्रहणको अर्थ)

८१- सम्पूर्ण त्रिपुटीलाई मिथ्या जानीकन मेरो वास्तव स्वरूपलाई स्वीकार गर्नु हो नयाँ जीवनको अर्थ ।

—"नयाँ जीवनको अर्थ के हो ?"

(प्रमाताको व्यर्थ चेष्टा)

८२- आफू प्रमाता बनीकन जति क्रियामा लागे तापनि ब्रह्म हुन सक्दैन ।

—"जानेर मात्र नहुनु किन ?"

(ठान्नु नै हो देखिनु)

८३- मैले नठाने पछि जो कुराको अनुभव हुँदै हुँदैन त्यो कुरा हो मिथ्या ।

—"युक्ति पनि चाहिन्छ"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(संसार चक्र)

८४- जगतको अनुभव तज्जन्य संस्कार, जगतको स्मृति, त्यस- ८८-
सको फलले जगत्को अनुभव मो हो आत्मसत्ताको आभास ।

—"काशी प्रवचन"

(ज्ञानको फल परोक्ष हुन)

८५- प्रतिबन्ध रहित पुरुषको आत्मज्ञान द्वारा अज्ञान नाश ८९-
हुनु हो दृष्टफल-जस्तो भोजनको दृष्ट फल हो तृप्ति ।

—"अद्वैत चिन्तामृत"

(आत्मज्ञानको अर्थ)

८६- आत्मालाई जान्नुको अर्थ हो— अनात्म देहादिमा मनु- ९०-
ष्यको जो अनात्म बुद्धि हुन्छ त्यसको निवृत्तिमात्र ।

—"अद्वैत चिन्तामृत परिशिष्ट"

(प्रमाण कहाँ चाहिंदैन)

८७- स्वयं प्रकाश अर्थमा प्रमाणको प्रयोजन हुँदैन, त्यसकारण ९१
साक्षी हो अप्रमेय, यसप्रकार भनिएको छ ।

—"स्वानुभव रहस्य"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(आत्म ग्रहणको ठाउँ)

८८- आत्मा सर्वगत भएतापनि-त्यसको ज्ञान सम्भव नभए तापनि बुद्धिमा प्रतिबिम्बित अवस्थामा आत्मा गृहीत हुन्छ ।

—"मोक्षोपाय गुरू चन्द्रिका"

(परमार्थ र व्यवहार सँगै चल्छ)

८९- शरीरेन्द्रियको चेष्टा द्वारा अखण्डाकार वृत्तिको प्रतिरोध हुन सक्दैन । अखण्डाकार वृत्ति संस्कार रूपले बनि-रहन्छ ।

—"सुषुप्ति हेर"

(संस्कारको महिमा)

९०- कुनै काम पनि चिन्तनले बन्दैन । काम बन्दछ शरीर इन्द्रिय द्वारा स्वतः स्वभावले । त्यसोभए कुनै कुरा फुराइ रहनु पर्दैन ।

—"शिव पूजनको सार"

(आफूको अर्थ)

९१- चिताउने वाला आफू होइन, चिताएको कुरा जान्ने वाला आफू हो । चिताउने पट्टि नलागेर आफूमा अड्ने अभ्यास गर्नु पर्यो ।

—"उपदेश"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(आफ्नो चिद्रूपता र आनन्द रूपता)

९२– आफ्नो स्वरूपको ज्ञान नभए कुनै मानिस मोक्षको लागि किम्वा धर्म, अर्थ, कामको लागि प्रयत्न गर्न सक्ने थिएन ……जब सबै मनुष्य सुखलाई नै प्रिय भनी सम्झन्छ तब आफ्नू स्वरूप नै सुख रूप हो, यो सिद्ध हुन्छ ।

—"वाशिष्ठ वचन माला"

(सुख)

९३– यदि पदार्थ सुखदायी हुन्थ्यो, तब सुखकोअनुभव पदार्थमा नै हुन्थ्यो, तर सुखको अनुभव चित्तमा नै हुन्छ । त्यसो भएको हुनाले पदार्थमा सुख बसेको छैन ।

—"नारायण प्रसाद"

(बुझ्ने लायक कुरा)

९४– यो आत्मा आफ्नो स्वरूप भएको हुनाले यसलाई भिन्न रूपले देखाउनु बन्दैन ।

—"आत्म प्रदर्शन"

(त्यसै साक्षात्कार हुदैन)

९५– त्रिपुटीको सद्भावको आत्यन्तिक अभाव भएमा मात्र साक्षात्कार सम्भव हुन्छ ।

—"आत्म प्रदर्शन"

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

(ज्ञानीको चिह्न)

९६- जस्तो बाटामा परिराखेको पराल आदिमा राग रहित भैकन पनि आँखा पर्दछ त्यस्तै विदेह मुक्त पुरूष पहिले झैं काममा प्रवृत्त हुनु हुन्छ ।

—"पराशान्ति"

(ज्ञानीको विभेद)

९७- जीवन्मुक्त पुरूषमा संसार वासनाको लेश विद्यमान रहन्छ तर विदेह मुक्त पुरूष निर्वासनिक हुनुहुन्छ ।

—"पराशान्ति"

(सहज सुख कसलाई मिल्छ)

९८- शान्त तत्वज्ञानी पुरूषलाई हिंड्ने, बस्ने, जाग्ने र सुत्ने बेला केवल सहज समाधि सुख नै अनुभूत हुन्छ ।

—"जीवन्मुक्ति सिद्धि"

(व्यवहार कसरी भारभूत हुँदैन)

९९- सर्व दुःख विनिर्मुक्त अखण्ड सुख स्वरूपमा जीवन्मुक्त पुरूषको निरावाध स्थिति नै हो वेदान्त दर्शनको व्यावहारिक महत्व ।

— "आधुनिक युगमा वेदान्त दर्शनको व्यावहारिक महत्व"

(कति महान आफू)

१००- अहंकार ममकार चित्तमा उठ्छ र गैहाल्छ तर तिनीहरूको साक्षात् प्रकाशक म सारा अवस्थामा मौजुद रहन्छु ।

—"अद्वैत सुधा"

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

ॐ

अद्वैत संस्था, नेपाल
को
आचार संहिता

नियम :

१. प्रतिदिन बिहान ४ बजे शङ्कर भगवान्‌को प्रातःस्मरण स्तोत्र तीन पटक पाठ गर्नु र अर्थको अनुसन्धान गरेर आफ्नो स्वरूपभूत ब्रह्मानन्दमा आधा घण्टा स्थित हुनु ।

२. त्यसपछि प्रातः केहीकाल पूज्य गुरुदेव द्वारा अनुमोदित वेदान्त शास्त्र र नेपाली ग्रन्थहरूमध्ये कुनै ग्रन्थको केहीं हिस्सा अवलोकन र अर्थानुसन्धान गरेर एक घण्टा काल बिताउनु ।

३. सन्ध्याकालमा अन्दाजि ६।७ बजे नेपाली वेदान्त ग्रन्थको कुनै हिस्साको अर्थ चिन्तनपूर्वक आधा घण्टा शान्त भएर स्थित रहनु एवं आधा घण्टा आफ्नो शुद्ध निर्विकल्प स्वरूपमा न चिताएर न निदाएर शान्तिपूर्वक मूक भएर सहज रूपमा बस्नु ।

४. सुत्नु भन्दा पहिले (१० बजे अन्दाज) परमात्माको चिन्तन गरेर सुत्नु ।

५. अद्वैत संस्थावाट भईराखेकी दैनिक आदि सत्सङ्गमा नियमितरूपले (शरीर ज्यादा अस्वस्थ भएको बेला बाहेक)

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

भांगलिनु रे त्यसमा बताइएको उपदेशलाई श्रद्धापूर्वक ग्रहण गर्नु ।

६ विद्यालय, महाविद्यालय र विश्वविद्यालयको हरे एक सदस्य (स्त्री वाहेक) उपसन्न शिष्य बनेर दैशिक-हरूबाट पढाइएको शिक्षामा नियमित ध्यान दिनु र पूरा उपदिष्ट अर्थमा संलग्नवान हुनु ।

७. गुरूमा निष्कपट श्रद्धा, ईश्वरमा सम्मान भरोसा र आफूमा दृढ आस्था तथा राज सत्तामा पूर्ण विश्वास हर-हालतमा गर्नु ।

८. आफूले राम्रो बुझिकन श्रद्धालु मुमुक्षु जिज्ञासु मण्डलीहरूको सर्व प्रकार शंङ्का समाधान गरिदिने योग्यता सम्पादन गर्नु र हृदयले संस्थाको प्रचार-प्रसारमा पूर्ण रूपेण यथाशक्ति सचेष्ट रहनु ।

९. वैदिक मार्गलाई कहिल्यै उल्लंघन नगर्नु । आफ्नो सारा व्याख्यान, आफ्नो जीवन यापन, आफ्नो व्यवहार आदिमा वेदमार्गसित विरोध कैले पनि हुन नदिनु । मनसा, वाचा र कर्मणा एक हुनु । अहिंसा (प्रेम), सत्य. अस्तेय (अनधि-कार चेष्टा नगर्नु) ब्रह्मचर्य, अपरिग्रह, अन्तः वाह्य शौच (पवित्रता), सन्तोष, तप, (तितिक्षा) स्वाध्याय, सत्संग र ईश्वर प्रणिधान रूप महाव्रतको सर्वथा पालन गर्नु ।

१०. [क] नाच, अश्लील गान र चित्रपट [सिनेमा] नहेर्नु । [ख] अश्लील साहित्य कहिले पनि नपढ्नु ।

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

[ग] कुनै प्रकारको नशा सेवन, रक्सी, मासु र धुम्रपान सर्वथा परित्याग गर्नु ।

[घ] गन्दा हँसी, मजाक र व्यर्थ वार्ता कदापि नगर्नु ।

[ङ] कुसंगको हरहालतमा निषेध गर्नु ।

[च] सर्वप्रकारले परस्त्रीको एकान्त सङ्ग र सम्भाषणलाई कठोर रूपले वर्जन गर्नु ।

११. असंगता पूर्वक निर्वासनिक हुनको लागि सदैव जागरूक रहनु ।

१२. 'जगत् मिथ्या हो' र 'म सच्चिदानन्द स्वरूप ब्रह्म हुँ' यसमा सदैव पूर्ण निष्ठा राख्नु ।

ॐ ।

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

प्रातः स्मरणम्

—आचार्य शंकर

प्रातः स्मरामि हृदि संस्फुरदात्मतत्त्वं
सच्चित्सुखं परमहंसगतिं तुरीयम् ।
यत्स्वप्नजागरसुषुप्तमवैति नित्यं
तद्ब्रह्म निष्कलमहं न च भूतसंघः ॥ १ ॥

प्रातर्भजामि मनसां वचसामगम्यं
वाचो विभान्ति निखिला यदनुग्रहेण ।
यन्नेति नेति वचनैर्निगमा अवोचु-
स्तं देवदेवमजमच्युतमाहुरग्र्यम् ॥ २ ॥

प्रातर्नमामि तमसः परमर्कवर्णं
पूर्णं सनातनपदं पुरुषोत्तमाख्यम् ।
यस्मिन्निदं जगदशेषमशेषमूर्तौ
रज्ज्वां भुजंगम इव प्रतिभासितं वै ॥ ३ ॥

श्लोकत्रयमिदं पुण्यं लोकत्रयविभूषणम् ।
प्रातःकाले पठेद्यस्तु स गच्छेत्परमं पदम् ॥४॥

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

शङ्कराचार्य भगवान विरचित प्रातः स्मरणम् स्तोत्रको

अर्थ :—

—के. सि. चक्रवर्ती

अहिले (जब मेरो चित शान्त छ तब) मेरो हृदयमा स्पष्टरूपले प्रकाशित भै राखेको जो मेरो वास्तव स्वरूप हो, जसलाई म आफू भनिकन स्वतः अनुभव गरी राखेको छु— त्यो नित्य सत्य स्वयं प्रकाश र अखण्ड सुखरूप जो जाग्रत, स्वप्न र सुषुप्तिरूप कल्पित तीनै अवस्था देखी भिन्न हो— त्यसलाई म बुद्धिपूर्वक खास म भनी अनुभव गरी राखेको छु। यो अखण्ड स्व-प्रकाश परम आनन्दरूप वस्तु हो परमहंस विद्वान् (ज्ञानीजन) को वास्तव स्वरूप। यसैको नाम हो ब्रह्म किनकि बुद्धिका सारा अवस्थाहरू यसमा कल्पित हुन्छन् र यसबाट प्रकाशित भै रहन्छन्। यस्तो अद्वितीय वस्तु हो मेरो वास्तव स्वरूप— म देह चित्त विशिष्ट संसारी मानिस होइन भनिकन म आफूलाई ऐले विहान स्पष्टरूपले अनुभव गरी राखेकोछु।

(१)

त्यो आफ्नो वास्तव ब्रह्मस्वरूपलाई म ऐले याहां भजन गरी राखेको छु (अर्थात् त्यो आफ्नू वास्तव ब्रह्मस्वरूपलाई म भनी बुद्धिद्वारा अनुभव गरी राखेको छु)। त्यो मेरो वास्तव अखण्ड स्वरूप मन र वाणी देखि अतीत हो (अर्थात् मनको किम्वा इन्द्रियको वृत्ति त्याहाँ सम्म पुग्दैन— मनद्वारा वास्तव आफ्नो स्वरूपलाई चिन्नु सम्भव छैन)। यसको कारण यो हो कि इन्द्रिय आदि हुन् मेरो वास्तव ब्रह्म स्वरूप-मा कल्पित र त्यसकारण मन इन्द्रिय आदि सत्ता र स्फूरण

Sanskrit University, Balmeeki Campus, Kathr

Public Domain. Digitization by eGangotri.Fundi

हो मेरो वास्तव ब्रह्मस्वरूपको सत्ता र स्फूरण मात्र । त्यसैले "यो पनि हैन," "यो पनि हैन" नमप्रकार वेद वाक्यले मेरो वास्तव ब्रह्मस्वरूपलाई बोधन गर्दछ (साक्षात रूपले मेरो वास्तव स्वरूपलाई बोधन गरेको हैन, किन्तु सारा अनात्म प्रपंचको निरसन द्वारा नित्य सत्य मेरो वास्तव स्वयं प्रकाश स्वरुपलाई परिशिष्ट राख्दछ) । त्यो सूर्य आदि प्रकाशक पदार्थको पनि प्रकाशक जो आदि, अजन्मा र एकरस वस्तु हो त्यसलाई म ऐले विहान आफ्नो स्वरूप भनी अनुभव गर्दछु ।

(२)

म विहान मेरो वास्तव अद्वितीय ब्रह्मस्वरूपलाई नमस्कार गर्दछु (मेरो परिच्छिन्न देहादि विशिष्ट प्रमाताभाव लाई मिथ्या भनी निश्चित गरेर जो अवश्य त्यो निषेधको सीमा रूपले नित्य निरन्तर हृदयमा प्रकाशित भई रहेकोछ त्यसलाई म आफ्नो वास्तव स्वरूप भनी अनुभव गरी राखेको छु) । त्यो मेरो वास्तव स्वरूप कस्तो हो ? त्यो हो अज्ञान विनिर्मुक्त नित्य प्रकाश स्वरूप वस्तु— त्यो हो परिपूर्ण (सारा विभाग रहित) नित्य निरन्तर विद्यमान वस्तु, जसलाई क्षरपुरुष र अक्षरपुरुष देखि भिन्न उत्तम पुरुष भनी शास्त्रमा कहिएको छ । फेरी त्यो मेरो वास्तव स्वरुप कस्तो हो ? यो जो सारा जगत देखनमा आई रहेको छ त्यो मेरो सर्वात्मक वास्तव स्वरुपमा कल्पित भइकन प्रतीत भई रहेको छ (सम्पुर्ण जगत मेरो वास्तव स्वरुप देखि भिन्न छंदैछैन) त्यसैले जगत हो डोरीमा कल्पित डरलाग्दो सर्प भैं (जगत सुखरुप पनि हैन, यसको आफ्नो प्रकाश पनि छैन र यो देखिए

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

तापनि यस्को वास्तव सत्ता छैन । जस्तो आफ्नो घाँटिमा अकित भएको डरलाग्दो वाघ वास्तवमा नभइकन पनि घाँटिमा कल्पित रुपले मानिन्छ, त्यस्तै यो सम्पूर्ण जगत जो मलाई प्रतीत भई राखेको थियो त्यसको वास्तव सत्ता र स्फूर्ति छैन भनी म बुद्धि द्वारा बुझी जगतको अभावलाई प्रत्यक्ष गरिकन म मेरो वास्तव सनातन एकरस ब्रह्मस्वरुपमा अवस्थित छु भनी प्रत्यक्ष रुपले अनुभव गरी राखेको छु ।

(१

(२

(३

(४

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

उपदेश सूत्रावलि

(२०३०।६।२ मा काठमाण्डूमा पूज्य गुरुदेव बाट बक्सेको उपदेशका एकाध संकलन)

(१) संसारको अशेष दुःख प्राप्तिको प्राप्ति हो जगतमा सत्यता बुद्धि । यसैको नाम हो बन्धन ।

(२) द्रष्टाको दृश्यसित सम्बन्ध हो बन्धन र दृश्यबाट द्रष्टाको पार्थक्य ज्ञान हो मुक्ति ।

(३) जब ज्ञान द्वारा अज्ञान विनष्ट हुन्छ तब दृश्यको संपूर्ण अभाव भैहाल्छ । द्रष्टा आपनो वास्तव सुख स्वरूपमा स्थिर रहन्छ ।

(४) बुद्धिमान मानिसले संसारमा हात हाल्दैन ।

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

(५) संपूर्ण दृश्य हो केवल अनुभवबाट सिद्ध । यसको पृथक् प्रकारले सिद्धि संभव छैन ।

(६) दृश्यको स्वरूप जान्नु हो दृश्य निवृत्तिको एक मात्र उपाय ।

(७) ज्ञान हो सत्य र असत्य वस्तुको विवेक । सत्य र मिथ्या वस्तुको विवेक भए मिथ्या वस्तुको परित्याग हुन्छ र सत्य वस्तुलाई आपनो वास्तव स्वरूप भनी ग्रहण संभव हुन्छ ।

(८) यो जगत् चैतन्य देखि अलग हैन ।

(९) जति जति इच्छा गर्दैनौ त्यति त्यति अखण्ड आत्म सुखको अनुभव हुन्छ ।

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

आत्मालाई देख्ने ठाउँ

१) निद्रा र जागरणको वीचमा केवल आत्मा रहन्छ ।

२) मनमा कुनै कुरा आउनुको पहिले केवल निर्विषय चैतन्य प्रकाशित रहन्छ ।

३) एक वस्तुको ज्ञान भंसकेको छ, अर्को वस्तुको ज्ञान हुन पाएको छैन यी दुई ज्ञानको वीचमा केवल शुद्ध चैतन्य रहन्छ । त्यहीं मनलाई राखि छोड्नु । यसरी शुद्ध चैतन्यको अनुभव गर्नुलाई ब्रह्मको अनुभव भनिएको छ ।

—卐—

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

चैतन्यको अनुभव

(१) परमात्मालाई भित्र देखनुः—

चित्तमा कुनै वृत्ति उठ्यो, त्यो उठ्ने बित्तिकै त्यो वृत्ति उठ्यो भनी तिमीलाई थाहा हुन्छ । 'म सुखी छु' यसलाई तिमीले थाहा पाउँछौ । त्यो थाहा पाउने वाला हो तिम्रो वास्तव स्वरूप परमात्मा । यो हो परमात्मालाई भित्र देखनु ।

(२) शरीरको बाहिर परमात्माको अनुभवः—

एक वस्तुको ज्ञान समाप्त भएपछि अरू वस्तुको ज्ञानको उदयको पूर्वक्षणमा जो अनुभव स्वरूपको स्वतः

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

सिद्ध अनुभव हुन्छ त्यो हो बाहिर स्थित परमात्माको अनुभव ।

यसरी दुई ज्ञानको बीचमा, दुइ चिन्ताको बीचमा दुई अवस्थाको बीचमा, प्राण अपानको बीचमा निरवच्छिन्न, निर्विषय, निराभास एक अद्वितीय शुद्ध चैतन्य मित्र बाहिर भेद वर्जित स्वयं र सर्वदा प्रकाशित भैराखेको छ ।

—☆—

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

उपदेश

अज्ञानी मानिसको बुद्धि नष्ट भएको हुन्छ । म र मेरो भावलाई छाडि देऊ मोक्ष मिल्दछ ।

अनात्माको छिन छिनमा निषेध गरेर आत्माको छिन छिनमा अनुभव गर । जस्तो स्वप्नको घटना जाग्रतमा याद भए स्वप्नको घटनाले दुःख दिँदैन त्यस्तै आफ्नो सुख स्वरूपमा जागे संसारको दुःखले छुँदैन ।

ज्ञानीले इच्छा गर्नु हुन्न । चित्त शुद्ध भए केवल आत्माको स्मरण हुन्छ । त्यही आत्मालाई स्मरण गरिरहे आत्मज्ञान हुन्छ । भगवानलाई मन द्वारा याद गरिरहनु भक्ति हो । भक्तिले मन यता उति जान पाउँदैन । केल भगवानको याद गरे ज्ञान मिल्छ ।

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

भक्ति के हो

भगवान अद्वितीय हो दीर्घकालसम्म नित्य निरन्तर यस्तो भावना गर्नु भक्ति हो भगवानलाई आफू देखि अभिन्न भनी निश्चय गर्नु भक्ति हो। आफूले आफूसित प्रेम गर्नु भक्ति हो। यदि मेरो चित्त मेरो वास्तव स्वरूप परमात्मामा लागि रहन्छ भने म कता लाग्ने ?

卐卐卐

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

विवेक को हो ?

'म दुःखी छु' यस्तो अनुभवलाई मिथ्या जानेर त्यागी दिनु र त्यसलाई त्यागेपछि जो बाँकी रहन्छ त्यो शुद्ध चैतन्य स्वरूपलाई आपनो वास्तव स्वरूप भनी अनुभव गर्नु विवेक हो । विवेक भित्र वैराग्य र विचार पर्दछ । संसारलाई निरस जान्नु वैराग्य हो । आपनो शुद्ध चैतन्य स्वरूपको अनुभव गरिरहनु विचार हो ।

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

प्रारब्ध

पहिले जन्मको पुरुषार्थ हां ऐलेको प्रारब्ध । प्रारब्ध भन्ने पुरुषार्थ बाहेक अरु कुनै कुरालाई बुझाइ दिन ।

वशिष्ठले भन्नु भो– हे राम ! तिमी दैवलाई अनादर गरीकन पुरुष प्रयत्न गर । पुरुष प्रयत्न हो दुई प्रकारको (१) शास्त्रमा बताएको र (२) शास्त्र बाहिरको । ईश्वरको नियम माथि निर्भर गर्नु हो अति ठूलो पुरुष प्रयत्न । सज्जन मानिसले देह इन्द्रियको चेष्टा र मनको चिन्तनलाई परित्याग गरीकन मेरो पूर्व–जन्ममा कमाइएको प्रयत्नले मेरो जीविका निर्वाह अवश्य नै भैहाल्छ भनी निश्चय गर्दछ । यस प्रकार विश्चय गर्नु हो ज्यादा उत्तम पुरुषार्थ ।

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

विवेक र अविवेक

जस्तो नदीमा डुंगामा चढेको मानिसले आफू चल्दा नदीको किनाराको रूख चलेको देख्छ, वास्तवमा रुख चलेको हैन, रुख चलेको देख्नु भ्रम हो त्यस्तै म मानिस हुँ, म चिन्तित छु, अन्धो हुँ यो केवल चित्तको चलन हो, चित्तको विकार हो । भ्रमले आफूलाई म मानिस हुँ भनी अज्ञानी मानिस मान्छ । यो अज्ञानी मानिस हो चित्तमा परेको आत्माको छाया । यस्तो आफू-लाई विकार रहित भनी जान्नु । केवल निर्विकार असंग एक रस स्वयं प्रकाश रूपले म (आत्मा) रहन्छु । यो हो विवेक ज्ञानको अवश्यम्भावी फल ।

***

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

सरल उपदेश

जगत कसैबाट उत्पन्न भएको छैन । आफूले कल्पना गरेर जगत बनाएको हो कल्पना गर्न छोडिदेऊ । अनि हेर, जगत रहन्छ कि ? । जगत भए सुषुप्तिमा कहाँ गयो ? आत्मा मात्र साँचो हो । स्वप्नमा सृष्टि देखिन्छ तर साँचो हो ? ईश्वरले पनि सृष्टि गर्नु भएको छैन किनकि ईश्वर ज्ञानी हो । काम काज चिन्ता टन्टा छैन । केवल मनको कल्पना हो कल्पना नगरेर बस केवल आत्माको अनुभव हुन्छ उसैको नाम हो समाधि ।

मन चल्दा आफू चलेको भनी मान्नु भ्रम हो । मन यदि चलेन तब आफूको ब्रह्म स्वरूपताको अनुभव हुन्छ । त्यसो भए ननिदाऊ र नचिताऊ । यसैको अभ्यास गर ।

.....

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

आत्म स्वरूप कसरी प्राप्त हुन्छ

१. मेरो हार हरायो ।	१. मैले ब्रह्मस्वरूपलाई जानेको छैन (ब्रह्म मेरो अप्राप्त छ
२. त्यसैले खेद प्राप्त भो ।	२. संसारको नाना प्रकार दुःख अनुभव भैं राख्दछ ।
३. "तिम्रो हार हराएको छैन" आप्त पुरूषको वाक्यले खेद घट्यो ।	३. ब्रह्म तिम्रो वास्तव स्वरूप भएको हुनाले ब्रह्म तिम्रो सदा प्राप्त वस्तु हो । संसारको दुःख सामान्यरूपले घट्यो ।
४. किन हराएको छैन भनी जिज्ञासा भो ।	४. कसरी ब्रह्म प्राप्त होला ब्रह्मस्वरूप पाउने ईच्छा भो

Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fundi

५. प्रत्यक्ष दर्शनशो लागि उत्कण्ठा भयो ।	५. साक्षात्कारको तीव्र ईच्छा जाग्यो ।
६ हार तिम्रो गलामा छ ।	६. तिम्रो वास्तव स्वरूप हो ब्रह्म।
७. गलामा हात हाल्यो ।	७. निदिध्यासनमा तत्पर भयो
८. हार फेरि प्राप्त भयो ।	८. परिपक्व निर्विकल्प समाधिमा आफ्नो ब्रह्म स्वरूपतालाई अनुभव गर्‍यो ।
९. आनन्दको अनुभव भयो ।	९. ब्रह्म साक्षात्कार भो । सर्व दुःख निवृत्ति पूर्वक परमानन्दको अनुभव गर्‍यो ।

l Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

प्रतिवन्धक हो :-

१) चित्त शुद्धिको उत्पत्ति पूर्वक भगवद् अनुग्रह प्राप्तिको अभाव ।

२) अविद्याको कार्य देहादि प्रपञ्चको क्रमिकरूपले सम्यक् निरसनको अभाव (प्रमाण संशयको, प्रमेय संशयको र विपरीत भावनाको निवृत्तिको अभाव) ।

३) निर्विकल्प समाधिको दीर्घकालीन प्राप्तिको अभाव ।

४) सम्यक् आत्म साक्षात्कारको अभाव ।

५) ब्रह्म साक्षात्कारको सुतराम् अभाव ।

आफूबाट 'म दुःखी छु' यस्तो त्रिपुटी खडा हुन्छ । 'म' यो चेतन हो 'दुःखी छु' यो जड हो । भूलले तिमीले

CC-0. Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

आफूलाई म मनीकन मान्दछौं र जगत्लाई साँचो मान्दछौं । 'म दुःखी छु' खडा हुनुको पहिले यो थिएन । को थियो ? तिमी थियौ । तिमी को हौ ? शुद्ध चैतन्य । त्यही शुद्ध चैतन्यलाई निरन्तर अनुभव गरिराख । यसैलाई विचार भन्दछ । यो विचार विवेकबाट खडा हुन्छ । 'म दुःखी छु' यो झूठा हो । यो खडा हुनुको पहिले जो छ त्यो साँचो हो । यसरी झूठाभावलाई छाडेर साँचो आफूलाई अनुभव गर्नु विचार हो ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fund

२

कुलपति सहचारीको घरमा गुरुको उपदेशः—

प्राण र अपानको बीचमा शुद्ध चैतन्यको अनुभव हुन्छ। कुनै कुराको इच्छा नगर, तिम्रो मनले परमात्मा लाई अनुभव गरिहाल्छ।

चिताएर केवल दुःख मात्र हुन्छ केही कुरा नचिताऊ र ननिदाऊ यसैलाई समाधि भन्छन्।

राती देखिएको सपना जस्तो झूठा हो त्यस्तै यो देखिएको जगत संपूर्ण झूठा हो।

म र मेरो भावलाई छाडि देऊ जो कुछ हुनुपर्ने त्यो प्रारब्ध बमोजिम हुन्छ। अलिकति पनि घटी बढी हुन सक्दैन।

केवल परमात्मा नै भएको वस्तु हो। त्यो परमात्मा खास तिमी नै हौ।

Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

oal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fund

प्रत्यावर्तनतिथिः		

Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

C520

AUTHOR चक्रवर्ती द्विजेन्द्रचन्द्र

TITLE शालपुत्री

DATE DUE	BORROWER'S NAME

C520

R66
CHA
2029

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

bal Sanskrit University, Balmeeki Campus, Kathma

ublic Domain. Digitization by eGangotri.Fund

डा. चक्रवर्ती :

सन १८९६ मा पश्चिम बंगालमा जन्म
१९२५ मा त्रिचन्द्र कलेज काठमाण्डूमा प्राध्य
रूपमा प्रवेश। अविच्छिन्न २६ वर्ष नेपालको
सन १९४४ मा बनारसमा भएको धर्म संघको
शनमा नेपाल सरकारको तर्फबाट प्रतिनिधि ।
२०२३ मा सुप्रसिद्ध अद्वैत संस्थाको संस्थापक-नेपालमा
प्रवेश भए देखी अद्वैत वेदान्तमा प्रवेश र निष्णात ।
नेपाल अधिराज्यका अद्वैत विश्वविद्यालयहरूका कुलपति ।

Sanskrit University, Balmeeki Campus, Kath